Registration No. 170208/073/74
PAN No. 605933471

Kathmandu Institute of Child Health
Children's Hospital Network
KIOCH
Budhanilakantha Municipality, Ward No. 7, Hepali Height, Kathmandu, NEPAL
Phone: +977-1-4370373, email: info@kioch.org.np, web: kioch.org.np

# कार्य विवरण

**पदसम्बन्धी जानकारी:**

| | |
|---|---|
| **पद** | गणक |
| कार्य अवधि | ४२ कार्य दिन |
| कार्यको प्रकृति | करार |
| कार्य समय | हप्ताको ४० घण्टा |
| कार्य दिन | हप्ताको ६ दिन |
| कार्यक्षेत्र | बुढानिलकण्ठ नगरपालिकाको वडा न. ७ र ४ |
| सुपरभाइजर | गुणस्तर नियन्त्रक |
| पारिश्रमिक | बुढानिलकण्ठ नगरपालिकाको नियमअनुसार |
| पालना गर्नुपर्ने नीतिहरू | सबै गणकहरुले बाल संरक्षण **(Child Protection),** यौन शोषण र दुर्व्यवहारबाट सुरक्षा **(Protection from Sexual Exploitation and Abuse - PSEA)** तथा ईन्स्टिच्युटका अन्य नीतिहरूको पूर्ण रूपमा पालना गर्नुपर्नेछ। |

## १. कार्यक्रमबारे जानकारी

नेपालमा बढ्दो शहरीकरणले स्वास्थ्य क्षेत्रमा विभिन्न असरहरू पुऱ्याइरहेको छ । शहरी क्षेत्रमा सर्ने र नसर्ने रोग, मानसिक रोग, कुपोषण, वायु प्रदूषण, र फोहोर व्यवस्थापन लगायतका समस्या विद्यमान छन् । वागमती प्रदेश, काठमाडौं जिल्लाको बुढानीलकण्ठ नगरपालिकामा पनि शहरीकरण तिब्ररूपमा बढिरहेको छ।

बुढानिलकण्ठ नगरपालिकामा द्रुत शहरीकरण, जनसंख्या वृद्धि तथा जीवनशैलीका कारणले स्वास्थ्य समस्याहरू बढ्दै गएका छन्, जसले जनस्वास्थ्यका लागि महत्वपूर्ण चिन्ता निम्त्याएको छ। नगरपालिकासँग यहाँका बासिन्दाहरूको स्वास्थ्य सेवा लिने व्यवहार, स्वास्थ्य जोखिमको अवस्था, बिद्यमान स्वास्थ्य समस्या जस्ता विषयहरूबारे प्रर्याप्त तथ्याङ्क छैन। तसर्थ यस अध्ययनको उद्देश्य समुदायका व्यक्तिहरूको स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने समस्याहरूको पहिचान र अन्वेषण गर्नु हो। यी सूचनालाई सम्बोधन गरेर, यो अध्ययन पश्चात वडा नं ७ र वडा नं ४ का बासिन्दाहरूको एक समग्र स्वास्थ्य प्रोफाइल तयार गरिनेछ ।

स्वास्थ्य प्रोफाइल तयार गर्नुको उद्देश्य यी वडाका प्रत्येक व्यक्तिलाई भविष्यका स्वास्थ्य पहलहरूमा समावेश गर्नु हो। स्वास्थ्य प्रोफाइलले विशेष रोगहरू लक्षित सेवा र आगामी दिनहरुमा नगरपालिकाबाट प्रदान गरिने समुदाय-स्तरीय स्वास्थ्य सेवाहरूका वारेमा जानकारी गराउन मद्दत गर्दछ। जनताको स्वास्थ्य अवस्था र व्यवहारलाई बुझेर, नगरपालिकाले समुदायका आवश्यकताहरू अनुसार स्वास्थ्य सेवाका कार्यक्रमहरू निर्माण गर्न सक्छ, जसबाट समुदायको आवश्यक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सकिन्छ।

Registration No. 170208/073/74

PAN No. 605933471

Kathmandu Institute of Child Health
Children's Hospital Network

KIOCH

Budhanilakantha Municipality, Ward No. 7, Hepali Height, Kathmandu, NEPAL
Phone: +977-1-4370373, email: info@kioch.org.np, web: kioch.org.np

यो कार्यक्रम बुढानिलकण्ठ नगरपालिकाको तर्फबाट Kathmandu Institute Of Child Health को संयोजकत्व एवं Herd International र Helping Hands Community Hospital को प्राबिधिक सहयोगमा संचालित गरिएको छ ।

## २. न्युनतम योग्यता/शीप

**न्युनतम योग्यता**

- स्वास्थ्य बिज्ञानको कुनैपनि विषयमामा प्रमाणपत्र तह उत्तीर्ण।

**आवश्यक शीप**

- अनुसन्धानका लागि तथ्याङ्क संकलनको आधारभूत ज्ञान र अनुभव (ट्याब्लेट/मोबाइलमा आधारित डेटा संकलनको अनुभवलाई प्राथमिकता दिइने छ) ।
- अध्ययन सहभागीहरूसँग समन्वय गर्न सक्ने कुसल व्यवहारिक सञ्चार कला ।
- समय व्यवस्थापन सीप ।
- स्वतन्त्र रूपमा काम गर्न सक्ने, समूहमा सहकर्मीसँग मिलेर काम गर्न सक्ने क्षमता ।

## ३. मुख्य जिम्मेवारीहरू

स्थलगत अनुसन्धानकर्ताले निम्न जिम्मेवारीहरू पालना गर्नुपर्ने छ ।

- सम्झौता अवधिभर बुढानिलकण्ठ नगरपालिकाको नियम र मापदण्ड पालना गर्ने ।
- प्रशिक्षणमा नियमित सहभागी भई तथ्याङ्क संकलनको शीप सिक्ने ।
- तथ्याङ्क संकलन गर्नुपूर्व उत्तरदाताहरूबाट लिखित सहमति (Informed written consent) लिने ।
- नगरपालिकाले तोकेका वडाहरूमा गई तोकिएको ढाँचामा तोकिएका सूचना संकलन गर्ने ।
- आवश्यकताअनुसार फील्ड नोटहरू लेख्ने ।
- सबै घरधुरीका सदस्यहरूको अन्तर्वार्ता लिने र उचाइ, तौल, रक्तचाप जाँच गरि सही ढंगले रेकर्ड गर्ने ।
- Real time data संकलनका लागि Kobo Collect प्रयोग गर्ने र घरधुरी वा स्वास्थ्य संस्थाबाट बाहिरिनु अघि परिवारबाट संकलित सूचनाको पुनःजाँच गर्ने ।
- प्रगतिबारे नियमित रूपमा अद्यावधिक गर्ने, चुनौतीहरूको जानकारी दिने ।
- सर्वेक्षणको क्रममा उत्तरदाताहरूलाई सजिलो बनाउन संवेदनशीलता देखाउने ।
- तथ्याङ्क संकलनका बेला कुनै समस्या भएमा तत्काल सुपरीवेक्षकलाई सम्पर्क गर्ने ।
- तथ्याङ्क सङ्कलनका लागि आवश्यकतानुसार सम्बन्धित व्यक्तिहरू र संस्थाहरूसँग समन्वय गर्ने ।
- अन्तर्वार्ताको लागि सहभागिहरूसँग उनीहरूको सुविधा अनुसार समय लिने र तोकिएको समयमा अन्तर्वार्ता लिने ।
- तथ्याङ्क संकलन कार्य सकिएपछि उपकरण तथा सामग्रीहरू सम्बन्धित संस्थालाई फिर्ता गर्ने ।

## ४. विविधता, समानता, समावेशिता, र पहुँच

यस कार्यक्रमका सबै साझेदारहरू लैंगिक समानता, सामाजिक समावेशीकरण, विविधता, समानता, र पहुँच जस्ता विषयलाइ प्रबर्धन गर्न प्रतिबद्द छन् ।